ISSN 2631-2336
© Journal of Education Research and Innovation
Vol.4 No.1 (2024)

# नेपाली विषय शिक्षकको शिक्षणमा तालिमको प्रभाव

**चन्द्र बहादुर बुढा**
**उपप्राध्यापक, भेरी ज्ञानोदय क्याम्पस जाजरकोट, म.प. विश्वविद्यालय**
**chandrabahadurbudha35@gmail.com**

**लेखसार**

*तालिम सिकाइसँग सम्बन्धित विषय हो । शिक्षणमा प्रभावकारिता ल्याउन शिक्षकलाई तालिमको आवश्यकता पर्छ । शिक्षकले तालिम लिएपछि यसको शिक्षणमा प्रभावकारिता भए नभएको खोजी यस लेखमा गरिएको छ । शोध विषयशिक्षणमा तालिमको प्रभावकारिताको अध्ययनमा केन्द्रित छ । प्रस्तुत शोधलेख कक्षाकोठा व्यवस्थापनमा शिक्षकको शिक्षणमा तालिम प्रभावकारिता र विद्यार्थीको सिकाइ उपलब्धिमा स्तरमा पारेको प्रभावको मूल्याङ्कन गर्न प्रत्यक्ष अन्तर्वार्ता र क्षेत्रीय अध्ययन विधिलाई अपनाइएको छ । प्रस्तुत शोधमा मूलतः गुणात्मक अनुसन्धान विधि प्रयोग गरिएको छ । सामग्री सङ्कलनका सन्दर्भमा भने सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरूसँगको प्रत्यक्ष सहभागिताका आधारमा अध्ययन गरिएको छ । त्यसैगरी तथ्याङ्क सङ्कलनको तथ्यका आधारमा अवलोकन, अन्तर्वार्ता, प्रश्नावली र छलफल रहेका छन् । यस सन्दर्भमा तालिमलाई शिक्षकको पेसागत दक्षता विकासको आधार र सिकाइको प्रभावकारी एवम् अर्थपूर्ण माध्यमका रूपमा लिइएको छ । कक्षाकोठामा तालिमको प्रभावकारी प्रयोगबाट विद्यालय नमुना छनोटमा परेका माध्यमिक तहका नेपाली विषयशिक्षक र विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याका रूपमा लिएको छ । वर्तमान समयमा भने समाजको बदलिँदो स्वरूप र विज्ञानको तीव्र विकासका कारण सिकाइ वा शिक्षण प्रक्रियामा पनि परिवर्तन आएको छ, जसका लागि शिक्षकलाई नवीन प्रविधिको प्रयोगमा आधारित तालिमको आवश्यकता भएको निष्कर्ष निकालिएको छ ।*

**मुख्य शब्दावली**: शिक्षण, तालिम, सिकाइ, अध्ययन, गुणस्तर

## विषय प्रवेश

शिक्षण सिकाइ विद्यार्थीको व्यावहारिक परिवर्तनसँग सम्बन्धित एक प्रक्रिया हो । यस प्रक्रियामा शिक्षक प्रत्यक्ष रूपमा संलग्न हुन्छ । शिक्षकको प्रभावकारी सिकाइ तालिमबाट प्राप्त सिप र तालिम लिइसकेपछि त्यो तालिम कत्तिको प्रभावकारी रह्यो भन्ने कुरा कक्षा शिक्षण सिकाइबाट प्रमाणित हुन्छ । शिक्षकको सिकाइ प्रभावकारी शिक्षण विधि, शिक्षण सिकाइ शैली, शिक्षक र विद्यार्थीविचको सम्बन्ध तथा शिक्षकको अभिवृत्तिमा निर्भर रहन्छ । शिक्षकको भूमिका सहजकर्ताका रूपमा हुने र सिकारुको भूमिका प्रस्तुतीकरण, अभ्यास र उत्पादनमा आधारित हुने मानिन्छ (रिचर्डस् र रोजर्स, २००७, पृ. २०५-२१०) । यस सन्दर्भमा शिक्षणलाई प्रभावकारिता बनाउन शिक्षकले विद्यार्थीलाई सृजनशिल बनाउन सहयोगीको भूमिका मात्र रहने भन्ने देखिन्छ । जसमा शिक्षकले सेवा प्रवेश गर्न वित्तिकै विद्यार्थी दक्षता र क्षमतालाई कदर गर्दै पेशागत सिप विकासका लागि तालिम लिन जरूरी देखिन्छ ।

सिकाइ विद्यार्थीको व्यहारमा आउने स्थायी परिवर्तन हो । यस्तो परिवर्तन तालिम प्राप्त शिक्षकको शिक्षण प्रक्रियामा अझ बढी निर्भर हुन्छ । यस दृष्टिले विद्यार्थीलाई आफूले चाहेको जस्तो व्यवहारमा ल्याउन सिकाइमा अपनाइने विभिन्न क्रियाकलापहरूलाई तालिम भनिन्छ (शर्मा र शर्मा, २०६१, पृ. ५३) । शिक्षा मनोविज्ञानका अनुसार शिक्षण सिकाइमा शिक्षकले अन्तरक्रियात्मक प्रक्रियामा विद्यार्थीहरूलाई चाहेअनुसारको कुराहरू व्यवहारमा परिवर्तन आएको कुरा मूल्याङ्कनद्वारा प्रमाणित भएपछि मात्र सिकाइ भएको मानिन्छ (सिंह, २०६४, पृ. २८) । यसबाट के बुझिन्छ भने शिक्षकले विद्यार्थीको शिक्षणमा चाहेअनुसारको कुराहरू व्यवहारमा परिवर्तन ल्याउन अन्तरक्रियात्मक प्रक्रियाद्धारा मात्र सिकाइ भएको मानिने कुरा बताइएको छ ।

यस सन्दर्भमा कर्माचार्य सन् १९७२, पृ. ७१) का अनुसार :शिक्षाशास्त्र अध्ययन संस्थानले प्राथमिक शिक्षकलाई कम लागतमा सेवाकालीन तालिम दिनको लागि यो कार्यक्रम सञ्चालन गरेको थियो । कम्तीमा चालिस जना तालिम अप्राप्त र एक घण्टाभन्दा कम दुरीका विद्यालयका शिक्षकलाई अस्थायी रूपमा स्थलगत केन्द्र खोलेर तालिम दिन सकिने व्यवस्था प्रथम पटक सन् १९८२ मा काठमाडौं र ललितपुरमा सञ्चालन गरिएको थियो ।

सेवाकालीन तालिमका रूपमा सन् १९८२ देखि उपत्यकाका दुई जिल्लामा परीक्षण स्वरूप सञ्चालनमा आएको थियो र यही नै हाल शिक्षण पेसामा संलग्नहरूलाई दिइने विभिन्न किसिमका तालिमको खास जग थियो भन्ने कुरा पुष्टि हुन्छ । शिक्षण तालिमको यस सन्दर्भलाई रा.शि.प.यो. २०२८ मा यसरी उल्लेख गरिएको छ, जसमा सामान्यतया शिक्षकले कक्षाकोठामा सिकारुलाई सिकाउनु शिक्षण हो । शिक्षण कार्यमा दिनानुदिन परिवर्तन भइरहने एवम् पाठयक्रम परिवर्तन समेत हुने कारणले शिक्षाको उद्देश्यअनुरूप नयाँनयाँ विधि र तरिकाको खोज भइरहने भएकाले शिक्षक तालिम सम्पूर्ण शैक्षिक क्रियाकलापको एउटा अभिन्न अङ्ग भएको छ (पृ.२३) । यसमा भन्न खोजेको कुरा के हो भने तालिमको उपर्युक्त सन्दर्भलाई हेर्दा समयको गतिसँगै शिक्षण कार्यमा हुने परिवर्तनका विविध पक्षसँग तालिम सम्बन्धित छ । यसले पाठ्यक्रमको स्वरूपमा हुने परिवर्तन, निर्दिष्ट शैक्षिक उद्देश्य एवम् नवीन विधि र प्रविधिको उपयुक्त प्रयोगका व्यावहारिक पक्षलाई समेटेको हुन्छ । त्यसैले यो वर्तमान समयमा शिक्षण कार्यसँग सम्बन्धित अभिन्न अङ्ग पनि हो ।

शिक्षक तालिम विकासको यस गतिशील क्रमलाई हेर्दा वि.सं. २०२८ सालमा गठित राष्ट्रिय शिक्षक तालिम केन्द्र, राष्ट्रिय व्यावसायिक तालिम केन्द्र, अङ्ग्रेजी भाषा तालिम केन्द्र आदि सबैलाई समायोजन गरी त्रिभुवन विश्वविद्यालयअन्तर्गत शिक्षाशास्त्र अध्ययन संस्थानको स्थापना गरिएको देखिन्छ । यस क्रममा हाल प्राथमिक शिक्षक तालिम र माध्यमिक शिक्षक तालिमको जिम्मा शैक्षिक जनशक्ति विकास केन्द्रले लिएको छ । शिक्षण प्रशिक्षण तथा शिक्षक पेसागत तालिमअन्तर्गत माध्यमिक शिक्षाको विकासका सन्दर्भमा विज्ञान शिक्षा परियोजना (सेडु) वि.सं २०३९ सालमा स्थापना भएको थियो भने यसले वि.सं. २०४७ सालमा माध्यमिक तहको गणित, विज्ञान, अङ्ग्रेजी विषयलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने उद्देश्यका साथ उक्त कार्यक्रम सम्पन्न गरेको थियो । यसबाट के देखिन्छ भने शिक्षण न्यूनतम राष्ट्रिय उपलब्धि हासिल गर्न प्रभावकारी शिक्षण तालिम आवश्यक छ ।

**समस्याकथन**

शिक्षण चुनौतीपूर्ण एवम् गौरवपूर्ण काय हो । यसमा पनि विद्यार्थीको सिकाइमा प्रभावकारिता ल्याउन शिक्षकले खेल्नु पर्ने शैक्षणिक र मनोवैज्ञानिक भूमिका झन् महत्त्वपूर्ण विषय हो, जुन निकै झन्झटिलो समेत मानिन्छ । त्यसैले यसका लागि शिक्षकलाई पेसागत विकाससँग सम्बन्धित विभिन्न किसिमका तालिमको व्यवस्था गर्नु आवश्यक हुन्छ । यस क्रममा सम्बन्धित संस्थाबाट सेवारत शिक्षकलाई समय-समयमा पेसागत विकासका लागि शैक्षिक तालिम गराउँदै आएको पनि पाइन्छ तर विद्यार्थीको सिकाइ स्तरमा उल्लेख्य सुधार भने आएको देखिँदैन र यसले शिक्षकको शिक्षण कौशलमा पनि खासै सुधार ल्याउन सकेको देखिँदैन । यस सन्दर्भमा आजको अत्याधुनिक प्रविधिमैत्री युगमा समेत कक्षाकोठा व्यवस्थापनमा तालिमको प्रभाव नपर्नु त्यसमा के कसरी एकरूपता ल्याउन सकिन्छ भन्ने कुरामा नै मूल समस्या रहेको देखिन्छ । त्यसैगरी विद्यार्थीमा सिकाइ समस्या र शिक्षक तालिमले विद्यार्थीको सिकाइ उपलब्धि स्तर मापन गर्न नसकेको अवस्था पनि विद्यमान समस्याका रूपमा रहेको छ । मूलतः प्रस्तुत शोधमा यिनै विविध विषयसँग सम्बन्धित समस्याहरू रहेका छन् । यी समस्यासँग सम्बन्धित शोधप्रश्नहरू निम्नानुसार छन् :

(क) माध्यमिक तहको नेपाली विषयको कक्षाकोठा व्यवस्थापनमा शिक्षक तालिमले के कस्तो प्रभाव पारेको छ ?

(ग) माध्यमिक तहको नेपाली विषयको शिक्षक तालिमले विद्यार्थीको सिकाइ उपलब्धि स्तरमा कसरी प्रभाव पारेको छ ?

**अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययन माध्यमिक तहका नेपाली विषय शिक्षकको शिक्षणमा तालिमको प्रभावकारिता सम्बन्धी अध्ययनमा आधारित छ । शिक्षण सिकाइका सिलसिलामा एकातिर पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य एवम् सिपगत सक्षमताको परिपूर्ति सफल शिक्षण सिकाइबाट मात्र सम्भव हुने देखिन्छ भने अर्कोतिर शिक्षण तालिममा प्रभावकारिता ल्याउन नीतिगत रूपमा विभिन्न कार्यक्रमहरूको आवश्यकता पर्दछ तर शिक्षक तालिममा आधारित यस्ता विविध किसिमका कार्यक्रमहरू आए पनि त्यसको कार्यान्वयन पक्ष कमजोर हुँदा अपेक्षित उपलब्धि प्राप्त हुन नसकेको अवस्था पनि विद्यमान छ । यस सन्दर्भमा प्रस्तुत अध्ययन नेपाली विषय शिक्षकले के कसरी शिक्षण कार्यमा प्रभावकारिता ल्याई सिकाइ प्रक्रियालाई गतिशील एवम् उद्देश्यपूर्ण बनाउन सकिन्छ भन्ने कुरासँग सम्बन्धित छ । यसरी शिक्षणमा देखिएका मूलभूत समस्याहरूलाई निराकरण गर्ने क्रममा शोध्यप्रश्नसँग सम्बन्धित यस शोधका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) कक्षाकोठा व्यवस्थापनमा शिक्षक तालिमको प्रभावकारिताको अध्ययन गर्नु,

(ख) शिक्षक तालिमले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभावको मूल्याङ्कन गर्नु ।

**अध्ययनको औचित्य**

प्रस्तुत अध्ययनको औचित्य पनि शिक्षक तालिम प्रभावकारिताको परीक्षण गरी प्रभावकारी शिक्षण गर्न नसक्नुका कारण र त्यससँग सम्बन्धित समस्याको समाधानका उपायको खोजी तथा शिक्षक तालिमले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभावको मूल्याङ्कन गर्नुसँग सम्बन्धित छ । यस सन्दर्भमा हालसम्म यस विषयसँग सम्बन्धित व्यावहारिक र नीतिगत दुवै प्रकृतिका व्यवस्थित अध्ययन हुन सक्को पनि देखिँदैन । मूलतः यही विषय र आवश्यकतासँग सम्बन्धित रिक्तताको परिपूर्ति तथा शिक्षण तालिम र सिकाइमा त्यसको प्रभावकारिताको मूल्याङ्कनबारे अध्ययन गरिएको हुनाले प्रस्तुत शोध आफैँमा औचित्यपूर्ण छ ।

**अध्ययन विधि र प्रक्रिया**

प्रस्तुत शोधमा मूलतः गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यसरी यिनै विविध सैद्धान्तिक, व्यावहारिक एवम् प्राविधिक आदि आधारमा प्रस्तुत अध्ययन वस्तुगत र सार्थक बनेको छ । त्यसैगरी तथ्याङ्क भनेको प्रक्रियागत घट्ने घटनाहरूको एक दस्तावेज हो । त्यसैले तथ्याङ्कलाई जे वास्तवमा घट्छ, त्यही तथ्याङ्क हो (खनाल, २०७३, पृ. १९३) भनिएको छ ।तथ्याङ्क सङ्कलनको स्रोतका रूपमा अवलोकनलाई कक्षामा शिक्षण क्रियाकलापमा प्रभावकारिता भए नभएको विषयमा वस्तुगत मूल्याङ्कन गर्ने उपकरणका  मानिएको छ । त्यस्तै शोध्यसमस्यामा केन्द्रित भएर शिक्षणको प्रभावकारिता परीक्षण गर्नका लागि क्षेत्रीय अध्ययन विधिका रूपमा प्रधानाध्यापक, सम्बन्धित क्षेत्रका शिक्षा प्रमुख (वि.नि.) र वि.व्य.स. को समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा यी सबै सरोकारवालाहरूसँग अन्तर्वार्ता लिई आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

विद्यालयको अभिलेख, प्रकाशित बुलेटिनका, मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक पत्रपत्रिका आदि सामग्रीलाई द्वितीय स्रोतका रूपमा लिई शिक्षणमा तिनको यथोचित उपयोग गर्नुपर्ने र त्यसको केही हदशम्म भएको प्रयोग पक्षको अध्ययन पनि प्रस्तुत शोधमा गरिएको छ । साथै सम्बन्धित व्यक्ति वा संस्थाहरू द्वितीयक स्रोतका रूपमा प्रयोग गरी आवश्यक तथ्याङ्कहरू पत्ता लगाइएको छ । यस क्रममा स्वतन्त्र र मिश्रित चरहरूको सहसम्बन्ध पत्ता लगाई तालिमको प्रभावकारितासम्बन्धी उद्देश्य तयार गरिएको छ । छनोट गरिएको नमुना जनसङ्ख्याबाट प्राप्त प्रतिक्रियाका उत्तरहरू र कक्षा प्रदर्शनका अवलोकन फारामलाई समेटी प्राप्त गरेका कोरा डाटालाई सङ्कलन गरी निश्चित सिद्धान्त एवम् अवधारणाको आधारमा व्याख्या र विश्लेषण गरिएको छ ।  प्रस्तुत लेखमा विद्यार्थीलाई जनसङ्ख्याका रूपमा मानिएको मानी अध्ययन क्षेत्रका समग्र विद्यार्थीलाई प्रतिनिधिमूलक सानो समूहमा छानेर नमुना छनोट गरिएको हो, जससँग सम्बन्धित जनसङ्ख्या समूह र नमुना छनोट निम्नानुसार गरिएको छ :

**तालिका १**

**जनसङ्ख्या र नमुना**

| जनसङ्ख्या | जम्मा | नमुना | जम्मा |
|---|---|---|---|
| शिक्षा तथा समन्वय इकाइबाट | ५ मा | शिक्षा तथा समन्वय इकाइ | १ |
| ७ पालिकाका शिक्षाशाखा कर्मचारी | २१ मा | नगर/गाउँ शिक्षाशाखा | ७ |
| जिल्लाका मा.वि. का प्र.अ. मध्येबाट | ७६ मा | मा.वि. का प्र.अ | १० |
| मा.वि. विषय शिक्षकमध्येबाट | ७६ मा | शिक्षकहरू | १० |
| विद्यालय व्यवस्थापन समिति | ५३२ मा | वि. व्य. स. अध्यक्ष | १० |
| अविभावकबाट(शिक्षाप्रेमी/समाजसेवी/बुद्धिजीवी पर्ने गरी) | ३८० मा | सि.अ.सं. अध्यक्ष/अविभावक | ७ |
| विद्यार्थीहरू | ८०० मा | विद्यालयबाट १० जना | १०० |

**नतिजा र छलफल**

शिक्षक प्रशिक्षण एवम् शिक्षक तालिमको वर्तमान सन्दर्भलाई हेर्दा शिक्षकको पेसागत विकासका निमित्त दिइने सेवाकालीन तालिम तीनओटा तरिकाबाट सञ्चालन गरिन्छ, जसमा संस्थामा आधारित, दूरशिक्षा प्रणालीमा आधारित र विद्यालयमा आधारित तालिम रहेका छन् । सिकाइ वातावरणमा उत्प्रेरकको अभिप्रेरणाले व्यक्तिमा काम गरूँ-गरूँ भन्ने भावनामा जागरण ल्याउँछ (कोइराला र श्रेष्ठ, २०५६, पृ. १३५) । यसरी शिक्षण प्रभावकारिताको लागि तालिम आवश्यक र उत्प्रेरक तत्त्व हो भन्ने कुरा प्रस्ट हुन्छ । त्यसैगरी विद्यार्थीको इच्छा, चाहना र प्रवृतिको आधारमा सुहाउँदो वातावरणबाट उनीहरूमा सिर्जनात्मक क्षमताको विकास गराउनका लागि (अधिकारी, २०६८, पृ. ३११) पनि शिक्षक तालिमको आवश्यकता पर्दछ । त्यसैले विद्यार्थीको शिक्षण सिकाइका

सन्दर्भमा शिक्षक तालिम महत्त्पूर्ण विषय हो भन्ने कुरा पुष्टि हुन्छ ।

प्राथमिक तहको पहिलो र तेस्रो चरण तथा निम्नमाध्यमिक र माध्यमिक तहको पहिलो र तेस्रो चरण र निम्नमाध्यमिक र माध्यमिक तहको पहिलो र तेस्रो मोडुलको साढे एक महिने तालिम विद्यालयमा हुन्छ । केन्द्रमा सञ्चालन हुने तालिम सहभागिता केन्द्रित एवम् क्रियाकलापमुखी हुन्छ भने दूर शिक्षामा आधारित तालिममा स्वाध्ययनसामग्री, सम्पर्क कक्षा, कार्यशाला, श्रव्यदृश्य सामग्री तथा सञ्चार प्रविधि र प्रक्रियासँग सम्बन्धित विभिन्न किसिमका मल्टिमिडिया आदिको प्रयोग गरिन्छ । शिक्षक प्रशिक्षण एवम् शिक्षक तालिमको उपर्युक्त पृष्ठभूमिमा प्रस्तुत शोधकार्य नेपाली विषयका शिक्षकहरूको तालिम प्रभावकारिताको अध्ययनमा आधारित छ ।

विद्यार्थीले सिकेको सिप र प्राप्त गरेको ज्ञानको आधारमा शिक्षकको सिकाइ गुणस्तरको मापन हुने हुँदा प्रस्तुत अध्ययन पनि तालिम प्राप्त शिक्षकहरूको शिक्षण सिकाइसँग सम्बन्धित विविध पक्ष र उनीहरूको पेसागत विकास तथा प्राप्त तालिमलाई कक्षाकोठामा कार्यन्वयन गर्ने विषय र त्यसबाट देखिने सिकाइ उपलब्धिको मूल्याङ्कनमा केन्द्रित छ । यस विषयको अध्ययनका निमित्त शिक्षकको शिक्षण अभ्यास, त्यसको अवलोकन, शिक्षकको सिकाइ सामर्थ्य र सक्षमता नै प्रमुख विषय भएकाले यसमा नेपाली विषयका शिक्षकहरूले यी विषयलाई कक्षा शिक्षणका सन्दर्भमा के कसरी प्रयोग एवम् अर्थपूर्ण कार्यान्वयन गरेका छन् ? तालिममा सिकेका कुरालाई उनीहरूले के कति मात्रामा कक्षा सिकाइका सन्दर्भमा प्रतिबिम्बित गर्न सकेका छन् र त्यसबाट के कति मात्रामा विद्यार्थीको सिकाइ उपलब्धि हासिल भएको छ भन्ने कुरालाई हेरिएको छ । यस सन्दर्भमा मूलतः प्रस्तुत अध्ययन शिक्षक तालिम र कक्षाकोठामा यसको प्रयोग एवम् सिकाइ उपलब्धिमा त्यसको प्रभावकारिताको विश्लेषणमा केन्द्रित छ ।

**कक्षाकोठा व्यवस्थापनमा शिक्षकको शिक्षण क्रियाकलाप**

प्रस्तुत लेख कक्षाकोठाभित्र गरिने दैनिक मूलतः नेपाली विषयको शिक्षणसँग सम्बन्धित शिक्षण क्रियाकलाप तथा विभिन्न प्रयोगात्मक विधिहरूको अवलोकनमा केन्द्रित रहेको छ । यस दृष्टिले अनुसन्धानका लागि गरिने अवलोकनलाई व्यवस्थित हेराइ भनिन्छ (खनाल, २०७३, पृ. १६१) भन्ने मान्यता पनि रहेको छ । नमुना छनोट परेका विद्यालयका नेपाली विषय शिक्षकका शिक्षण क्रियाकलाप प्रभावकारी भए नभएको विषयमा वस्तुगत मूल्याङ्कन गर्न अति उपयुक्त, उपयुक्त, मध्यम, अनुपयुक्त र अति उपयुक्त गरी अध्ययनको निष्कर्ष निकालिएको छ । यस क्रमममा कक्षा अवलोकनमा गरिएका विभिन्न क्रियाकलापबाट प्राप्त तथ्यको नमुनालाई निम्नानुसारको उपशीर्षकमा रहेर तालिका समेत देखाइएको छ :

**१. पाठको सुरुवात**

प्रस्तुत शोधलेखमा नमुना छनोटमा परेका नेपाली विषय शिक्षकको शिक्षणमा तालिमको प्रभावकारिता भए/नभएको कक्षा अवलोकन गरिएको छ । जसमा शिक्षकले शिक्षणमा पाठको सुरुवातका आधारमा तालिका नं. २ लाई निम्नानुसारका विभिन्न क्रियाकलापमा देखाइएको छ:

तालिका २

**पाठको सुरुवातमा शिक्षकको आधारमा शिक्षण क्रियाकलाप**

| | **क्रियाकलाप** | **परिमाण** | | | | |
|---|---|---|---|---|---|---|
| | | **अति उपयुक्त** | **उपयुक्त** | **मध्यम** | **अनुपयुक्त** | **अति अनुपयुक्त** |
| .पाठको सुरुवात | क) गृहकार्य कालोपाटीमा सच्चाएको...........<br>ख) गृहकार्य कापीमा नै परीक्षण गरेको.........<br>ग) पूर्व पाठको समीक्षा...................<br>घ) पाठको उद्देश्य विद्यार्थीलाई प्रस्ट बनाउने.<br>ङ)) विद्यार्थीहरू शिक्षकप्रति आकर्षित...........<br>च) पाठको सुरुवातमा रुचिकर गरेको..........<br>छ) कक्षाकोठा व्यवस्थित गरिएको..............<br>ज) गृहकार्य नगरिएकोलाई पुरस्कार र दण्ड....<br>झ) विषयवस्तुको शिक्षण..........<br>ञ) पृष्ठपोषण..........<br>ट) अन्य.......... | २० | ३० | २० | २० | १० |

माथि उल्लेखित तालिका २ को क्रियाकलापमा पाठको सुरुवात गर्दा विषयको गृहकार्य कालोपाटीमा सच्चाएको, गृहकार्य कापीमा नै परीक्षण गरेको, पूर्व पाठको समीक्षा, पाठको उद्देश्य विद्यार्थीलाई प्रस्ट बनाउने, विद्यार्थीहरू शिक्षकप्रति आकर्षित, पाठको सुरुवात रुचिकर रहेको, कक्षाकोठा व्यवस्थित गरिएको, गृहकार्य नगरिएकोलाई पुरस्कार र दण्ड, विषयवस्तुको शिक्षण, पृष्ठपोषण र अन्यका आधारमा अवलोकन गरिएको छ । छनोटमा परेका १० जना शिक्षकको अवलोकन प्रतिशतका आधारहरूमा मूल्याङ्कन गर्दा अति उपयुक्त २०, उपयुक्त ३०, मध्यम २०, अनुपयुक्त २० र अति उपयुक्त १० प्रतिशत रहेको पाईन्छ । कक्षामा शिक्षकले पाठको सुरुवातमा रहेर क्रियाकलाप गर्दा सबैभन्दा बढी ३० प्रतिशत उपयुक्तमा रहेको हुदा शिक्षणमा सिकाइ प्रभावकारिता देखिन्छ ।

**२. शिक्षकको शिक्षण क्रियाकलाप**

प्रस्तुत शोधलेखमा नमुना छनोटमा परेका १० वटा विद्यालयका नेपाली विषय शिक्षकको शिक्षणमा तालिमको प्रभावकारिता भए/नभएको कक्षा अवलोकनबाट गरिएको छ । जसमा शिक्षकले विषयवस्तुको शिक्षणका आधारमा तालिका नं. ३ लाई निम्नानुसारका विभिन्न क्रियाकलापमा देखाइएको छ :

**तालिका ३**

**विषयवस्तुको शिक्षण आधारमा शिक्षकको शिक्षण क्रियाकलाप**

| | क्रियाकलाप | परिमाण | | | | |
|---|---|---|---|---|---|---|
| | | अति उप युक्त | एप युक्त | मध्यम | अनु पयुक्त | अति अनु पयुक्त |
| विषय वस्तुको शिक्षण . | क) पाठयोजना बनाएको....................<br>ख) विषयवस्तुको पर्याप्त ज्ञान..................<br>ग) विषयवस्तुको शिक्षण पाठ्यभार अनुसार.....<br>घ) विषयवस्तु विद्यार्थीको स्तरअनुसार<br>ङ) पाठको प्रस्तुतीकरण क्षमताअनुसार<br>च) उपयुक्त..<br>छ) उदाहरण परिवेश सुहाउँदो..............<br>जं) भाषागत स्पष्टता..............<br>झ) विषयवस्तु शिक्षणमा विद्यार्थीहरू केन्द्रित.....<br>ञ) उद्देश्य प्राप्ति...................<br>ट) अस्पष्टलाई स्पष्ट पार्ने काम.............. | ३० | २० | २० | २० | १० |

माथि उल्लेखित तालिकाको क्रियाकलापमा विषयवस्तुको शिक्षणका गर्दा पाठयोजना बनाएको, विषयवस्तुको पर्याप्त ज्ञान, विषयवस्तुको शिक्षण पाठ्यभारअनुसार, विषयवस्तु विद्यार्थीको माथि र स्तरअनुसार, पाठको प्रस्तुतीकरण क्षमताअनुसार, पाठको प्रस्तुतीकरण क्षमताअनुसार, उपयुक्त, उपयुक्त उदाहरण परिवेश सुहाउँदो, भाषागत स्पष्टता, विद्यार्थीहरू केन्द्रित, उद्देश्य प्राप्ति, अस्पष्टलाई स्पष्ट पाने आधारमा अवलोकन गरिएको छ । जसमा उपयुक्त ३०, उपयुक्त २०, मध्यम २०, अनुपयुक्त २० र अति उपयुक्त १० प्रतिशत रहेको पाईयो । अति उपयुक्त ३० प्रतिशतदेखि अति अनुपयुक्त क्रमशः घट्दो प्रतिशत भएको हुदा विषयवस्तुको शिक्षणमा प्रभावकारिता देखिन्छ ।

**३. शिक्षण सिकाइ विधिको प्रयोग**

यस शोधलेखमा छनोट परेका १० वटा विद्यालयका १० जना नेपाली विषय शिक्षकको शिक्षणमा तालिमको प्रभावकारिता भए/नभएको कक्षा अवलोकनबाट गरिएको छ । जसमा शिक्षकले शिक्षण सिकाइ विधिको प्रयोगका आधारमा तालिका नं. ४ लाई निम्नानुसारका विभिन्न क्रियाकलापमा देखाइएको छ :

**तालिका ४**

| | क्रियाकलाप | परिमाण | | | | |
|---|---|---|---|---|---|---|
| | | अति उप युक्त | उपयुक्त | मध्यम | अनु पयुक्त | अति अनुपयुक्त |
| शिक्षण सिकाइ विधिको प्रयोग | क) व्यवस्थापन विधिको प्रयोग<br>ख) प्रश्नोत्तर विधिको प्रयोग....................<br>गं) छलफल विधिको प्रयोग....................<br>घ) प्रदर्शन विधिको प्रयोग<br>ङ) अभ्यास विधिको प्रयोग....................<br>च) अन्तरर्क्रिया विधिको<br>छ) प्रयोग.........<br>ज) समस्या समाधान विधिको प्रयोग......<br>झ) अन्य........ | ३० | २० | ३० | २० | १० |

**शिक्षण सिकाइ विधिको प्रयोगका आधारमा शिक्षकको शिक्षण क्रियाकलाप**

माथि उल्लेखित तालिकाको ४ को क्रियाकलापमा शिक्षकले शिक्षण सिकाइ विधिको प्रयोगका गर्दा व्यवस्थापन, छलफल, प्रश्नोत्तर, प्रदर्शन, अभ्यास, अन्तरर्क्रिया, समस्या समाधान विधिको प्रयोग र अन्यका आधारमा अवलोकन गरिएको छ । अवलोकन आधारहरूमा मूल्याङ्कन गर्दा अति उपयुक्त ३०, उपयुक्त २०, मध्यम २०, अनुपयुक्त २० र अति अनुपयुक्त १० प्रतिशत रहेको पाईयो । जसमा अति उपयुक्त ३० प्रतिशतदेखि अति अनुपयुक्त क्रमशः घट्दो प्रतिशत भएको हुदा विषयवस्तुको शिक्षणमा प्रभावकारिता देखिन्छ ताकि शिक्षणमा प्रभावकारिता हुनु नै प्रस्तुत अध्ययनमा तालिमको प्रभावकारिता भएको देखिन्छ ।

**४. शैक्षिक सामग्रीको प्रयोग**

प्रस्तुत शोधलेखमा नमुना छनोटमा परेका १० वटा विद्यालयका १० वटा नेपाली विषय शिक्षकको शिक्षणमा तालिमको प्रभावकारिता भए/नभएको कक्षा अवलोकन गरिएको छ । जसमा अवलोकनबाट शिक्षकले शिक्षण गर्दा यस शैक्षिक सामग्रीको प्रयोगको आधारमा तालिका नं. ५ लाई निम्नानुसारका विभिन्न क्रियाकलापमा देखाइएको छः

**तालिका ५**

**शैक्षिक सामग्रीको प्रयोग आधारमा शिक्षकको शिक्षण क्रियाकलाप**

| | क्रियाकलाप | अति उपयुक्त | उपयुक्त | मध्यम | अनु पयुक्त | अति अनु पयुक्त |
|---|---|---|---|---|---|---|
| शैक्षिक सामग्रीको प्रयोग | क) दैनिक प्रयोगका सामग्री....................<br>ख) पाठअनुसारको शैक्षिक सामग्री निर्माण......<br>ग) शैक्षिक सामग्रीको उचित प्रयोग............<br>घ) कालोपाटीको उपयुक्त प्रयोग................<br>ङ) अन्य | ३० | ३० | २० | २० | १० |

माथि उल्लेखित तालिकाको क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोगमा दैनिक प्रयोगका सामग्री, पाठअनुसारको शैक्षिक सामग्री निर्माण, शैक्षिक सामग्रीको उचित प्रयोग, कालोपाटीको उपयुक्त प्रयोग र अन्यका आधारहरूमा अवलोकन गरिएको छ । जसमा अति उपयुक्त ३०, उपयुक्त ३०, मध्यम २०, अनुपयुक्त २० र अति अनु पयुक्त १० प्रतिशत रहेको पाइन्छ। मध्यम स्तरदेखि पछाडि क्रमशः अनुपयुक्त र अति अनु पयुक्तका तुलनामा उपयुक्त अति अनुपयुक्त क्रमशः बढ्दो प्रतिशतमा भएको हुदा शिक्षण प्रभावकारिता देखियो ।

**५. शिक्षकको सक्रियता**

यस शोधलेखमा छनोटमा परेका विद्यालयका नेपाली विषय शिक्षकको शिक्षणमा तालिमको प्रभावकारिता के, कस्तो र कसरी भईरहेको छ भनी शिक्षकको सक्रियताका आधारमा गरिइएको हो । जसमा अवलोकनबाट

शिक्षकले शिक्षण गर्दा शिक्षकको सक्रियताका आधारमा तालिका नं. ९ लाई निम्नानुसार तालिका नं.६ मा विभिन्न क्रियाकलापमा देखाइएको छ :

**तालिका ६**

**शिक्षकको सक्रियता आधारमा शिक्षकको शिक्षण क्रियाकलाप**

| | क्रियाकलाप | अति उप युक्त | उपयुक्त | मध्यम | अनु पयुक्त | अनु पयुक्त |
|---|---|---|---|---|---|---|
| शिक्षकको सक्रियता | क) गृहकार्यको जाँच.......<br>ख) विद्यार्थीलाई उत्प्रेरणा दिने काम.......<br>ग) विद्यार्थीको प्रश्नको जवाफ खुशीसाथ दिने..<br>घ) विद्यार्थीले उत्तरदिन नसकेको अवस्थामा ....<br>ङ) प्रश्न मौखिक रूपमा......<br>च) प्रश्न लिखित रूपमा.......<br>च) ठीक प्रश्नलाई प्रशंसा......<br>छ) गलत प्रश्नलाई आलोचना......<br>ज) छात्रछात्रालाई समान प्रश्न.........<br>झ) पृष्ठपोषण.........<br>ञ) गृहकार्य.......<br>ट) उत्प्रेरणा दिने काम.........<br>ठ) अन्य........... | २० | २० | ३० | २० | १० |

माथि उल्लेखित तालिका नं. ६ क्रियाकलापमा शिक्षकको सक्रियताका विषयमा गृहकार्यको जाँच, विद्यार्थीलाई उत्प्रेरणा दिने काम, विद्यार्थीको प्रश्नको जवाफ खुशीसाथ दिने, विद्यार्थीले प्रश्नको उत्तर दिन नसकेको अवस्थामा, प्रश्न मौखिक रूपमा, प्रश्न लिखित रूपमा, ठीक प्रश्नलाई प्रशंसा, गलत प्रश्नलाई आलोचना, छात्रछात्रालाई समान प्रश्न, पृष्ठपोषण, गृहकार्य, उत्प्रेरणा र अन्यका.आधारमा कक्षा अवलोकन गरिएको छ । जुन अवलोकनमा अति उपयुक्त २०, उपयुक्त २०, मध्यम ३०, अनुपयुक्त २० र अति उपयुक्त १० प्रतिशत रहेको पाइन्छ । शिक्षणमा प्रतिशतका आधारमा बढ्दो रेटिङ स्केल देखिए तापनि शिक्षकको सक्रियतामा स्वभावैले शिक्षककेन्द्रित शिक्षण देखिन्छ । त्यसैगरी तालिम प्राप्त शिक्षकशशशले प्रश्न, प्रवचन, सोध, खोज, छलफल, क्रियाकलापमा बढी जोड दिएको कुरा व्यक्त गरेका छन् ।

**६. विद्यार्थीको सहभागिता**

प्रस्तुत शोधलेखमा नमुना छनोटमा परेका १० वटा विद्यालयका नेपाली विषय शिक्षकको शिक्षणमा तालिमको प्रभावकारिता भए/नभएको कक्षा अवलोकन गरिएको छ । जसमा शिक्षकले विद्यार्थीको सहभागिताका आधारमा तालिका नं.७ लाई निम्नानुसारका विभिन्न क्रियाकलापमा देखाइएको छ :

**तालिका ७**

**विद्यार्थीको सहभागिता आधारमा शिक्षकको शिक्षण क्रियाकलाप**

| | क्रियाकलाप | अति उप युक्त | उपयुक्त | मध्यम | अनु पयुक्त | अनु पयुक्त |
|---|---|---|---|---|---|---|
| विद्यार्थीको सक्रियता | क विद्यार्थीको सहभागिता/सक्रियता........<br>ख) सबै विद्यार्थीलाई प्रश्नोत्तर तयार गर्न........<br>ग) सबै विद्यार्थीले छलफलमा भाग लिएका.......<br>घ) शिक्षकको निर्देशनमा रही कक्षाकार्य गराएका ...<br>ङ) अन्य......... | २० | ३० | ३० | २० | १० |

माथि उल्लेखित तालिका नं. ७ क्रियाकलापमा विद्यार्थीको सहभागिता विषयमा विद्यार्थीको सहभागिता/सक्रियता, सबै विद्यार्थीलाई प्रश्नोत्तर तयार गर्न, सबै विद्यार्थीले छलफलमा भाग लिएका, शिक्षकको निर्देशनमा रही सबैले कक्षाकार्य गराएका र अन्य आधारमा अवलोकन गरिएको थियो । कक्षा अवलोकनलाई प्रतिशतका आधारहरूमा मूल्याङ्कन गर्दा अति उपयुक्त २०, उपयुक्त ३०, मध्यम ३०, अनुपयुक्त २० र अति उपयुक्त १० प्रतिशत देखाइएको छ । शिक्षणमा बढ्दो रेटिङ स्केल भएता पनि बहुसङ्ख्यक शिक्षकहरूले कक्षाकोठामा विद्यार्थीको सक्रियता हुने समूहकार्य नगर्ने गरेको पाइन्छ । त्यसैले शिक्षणको प्रभावकारिताका सन्दर्भमा यी विविध पक्षलाई ध्यान दिँदै दैनिक रूपमा शिक्षण योजना निर्माण गर्नुपर्ने र मूलतः सिकाइ दृष्टिकोणको उपयोगिताको प्रयोग बृद्धिदर बढाउनुपर्ने देखिन्छ ।

**७. कक्षाको वातावरण**

प्रस्तुत शोधलेखमा नमुना छनोटमा परेका १० वटा विद्यालयका नेपाली विषय शिक्षकको शिक्षणमा तालिमको प्रभावकारिता भए/नभएको कक्षा अवलोकन गरिएको छ । जसमा शिक्षकले कक्षाको वातावरणका आधारमा तालिका नं. ८ लाई निम्नानुसारका विभिन्न क्रियाकलापमा देखाइएको छ :

**तालिका ८**

**विद्यार्थीको सहभागिता आधारमा शिक्षकको शिक्षण क्रियाकलाप**

| | क्रियाकलाप | अति उप युक्त | उपयुक्त | मध्यम | अनु पयुक्त | अनु पयुक्त |
|---|---|---|---|---|---|---|
| कक्षाको वातावरण | क) उपयुक्त कक्षाकोठा.......<br>ख) उचित बस्ने व्यवस्था (फर्निचरको व्यवस्था).....<br>ग) केटा र केटीको अलग बसाइ व्यवस्थापन......<br>घ) कक्षाकोठाको सरसफाइ........<br>ङ) कक्षामा बाहिरी हल्ला......<br>च) कक्षामा उपयुक्त प्रकाश र हावा.......<br>छ) अन्य.......... | ३० | ३० | २० | १० | १० |

कक्षाको वातावरणका विषयमा उपयुक्त कक्षाकोठा, उचित बस्ने व्यवस्था (फर्निचरको व्यवस्था), केटा र केटीको अलग बसाइ व्यवस्थापन, कक्षाकोठाको सरसफाइ, कक्षामा बाहिरी हल्ला, कक्षामा उपयुक्त प्रकाश र हावा गराएका आधारमा अवलोकन गरिएको थियो । शिक्षकको अवलोकन प्रतिशतका आधारहरूमा मूल्याङ्कन गर्दा अति उपयुक्त ३०, उपयुक्त ३०, मध्यम २०, अनुपयुक्त १० र अति अनुपयुक्त १० प्रतिशत रहेको पाइन्छ । अति उपयुक्त र अनुपयुक्त हुदै क्रमशः अति उपयुक्तसम्म पुग्दा (१०-३०) प्रतिशत बढ्दो रेटिङ स्केल भएको हुदा शिक्षण क्रियाकलापमा प्रभावकारिता आएको देखिन्छ । यस दृष्टिले कक्षाकोठा वातावरण अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न महत्त्वपूर्ण भूमिका खेल्ने कुरा प्रस्ट हुन्छ । तर, यसका लागि तालिम प्राप्त शिक्षकको आवश्यकता पर्ने हुनाले सम्बन्धित निकाय र सरोकारवाला पक्षबाट यसको आवश्यक व्यवस्थापन हुन आवश्यक छ ।

**८. पाठको अन्त्य**

प्रस्तुत शोधलेखमा नमुना छनोटमा परेका १० वटा विद्यालयका नेपाली विषय शिक्षकको शिक्षणमा तालिमको प्रभावकारिता भए/नभएको कक्षा अवलोकन गरिएको छ । जसमा शिक्षकले पाठको अन्त्यका आधारमा तालिका नं. ९ लाई निम्नानुसारका विभिन्न क्रियाकलापमा देखाइएको छ :

**तालिका ९**

**पाठको अन्त्य आधारमा शिक्षकको शिक्षण क्रियाकलाप**

| | क्रियाकलाप | अति उप युक्त | उपयुक्त | मध्यम | अनु पयुक्त | अनु पयुक्त |
|---|---|---|---|---|---|---|
| पाठको अन्त्य | क) मूल्याङ्कन.........<br>ख) उद्देश्य प्राप्ति............<br>ग) मूल्याङ्कनको शैली........ | ३० | २० | ३० | १० | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | घ) पृष्ठपोषण/समीक्षा.......<br>ङ) गृहकार्य...........<br>च) मूल्याङ्कन लिखित रूपमा......<br>छ) मूल्याङ्कन मौखिक रूपमा.......<br>ज) अन्य............. | | | | | |


माथि उल्लेखित तालिका अनुसार पाठको अन्त्यका विषयमा मूल्याङ्कन, उद्देश्य प्राप्ति, मूल्याङ्कनको शैली, पृष्ठपोषण/समीक्षा, गृहकार्य, मूल्याङ्कन लिखित रूपमा, मूल्याङ्कन मौखिक रूपका आधारमा अवलोकन गरिएको थियो । छनोटमा परेका १० जना शिक्षकको अवलोकन प्रतिशतका आधारहरूमा मूल्याङ्कन गर्दा अति उपयुक्त ३०, उपयुक्त २०, मध्यम ३०, अनुपयुक्त १० र अति अनुपयुक्त १० प्रतिशत रहेको पाइन्छ। त्यसैले शिक्षण सिकाइको सान्दर्भिकताका लागि पाठको अन्त्यमा विभिन्न क्रियाकलापहरू गर्नु आवश्यक छ र त्यसका लागि तालिम प्राप्त शिक्षकको बढी आवश्यता पर्दछ भन्ने कुरा प्रस्ट हुन्छ ।

**नेपाली विषय शिक्षकको शिक्षणमा तालिम प्रभावकारिता**

प्रस्तुत शोधमा तोकिएका अध्ययन क्षेत्रका विद्यालयमा गई नेपाली विषय शिक्षकको शिक्षण सिकाइ क्रियाकलापमा निर्धारित प्रश्नावली र कक्षा अवलोकन उपकरणका माध्यमबाट शिक्षणमा तालिम प्रभावकारिताको अध्ययन गरिएको थियो । सिकाइको आधारशिला, साथी समूह हुनेहुँदा बालबालिकालाई मनोरञ्जनपूर्ण वातावरणमा खेल्दै, रमाउँदै उनीहरूको इच्छा, चाहान र मनोभावनाअनुसार सिकाउनु पर्छ (क्राओफोर्ड र अन्य, २०१०, पृ.७५) । उनका यस बिचारबाट के बुभिन्छ भने सिकाइ सुहाउँदो वातावरण निर्माण गरी विद्यार्थीको सृजनात्मक सिपको विकास गराउनुलाई प्रभावकारी शिक्षण रुपमा लिइएका छ । शिक्षकको शिक्षणमा तालिम प्रभावकारिताको मूल्याङ्कनका आधारहरूमा कक्षाकोठा व्यवस्थापन, प्रश्न प्रविधि, सामूहिक विधि, छलफल र तर्क, समालोचनात्मक सोचाइ र उद्देश्यमूलक सिकाइ गरी जम्मा छओटा रहेका थिए । तालिम प्रभावकारिता मापनका लागि कक्षा अवलोकनबाट प्राप्त नतिजालाई स्तम्भचित्र १ मा देखाइएको छ :

**स्तम्भचित्र १**

**शिक्षकको शिक्षणमा तालिम प्रभावकारिताको मूल्याङ्कन**




माथि उल्लेखित स्तम्भचित्र १. अनुसार शिक्षण सिकाइ क्रियाकलापलाई अति उत्तम, उत्तम, मध्यम र निम्न स्तरमा सतप्रतिशतका आधारमा विभाजन गरिएको छ । ती आधारहरूमध्ये विद्यार्थीको मूल्याङ्कनस्तर अति उत्तममा कक्षाकोठा शिक्षण सिकाइ क्रियाकलापका मूल्याङ्कनका छओटा आधारहरूमध्ये अति उत्तममा सामूहिक विधि, छलफल एवम् तर्कमा शून्य देखिन्छ भने बाँकी अन्य आधारहरूमा १०/१० प्रतिशत रहेको छ । त्यस्तै उत्तम स्तरमा सबैभन्दा बढी छलफल र तर्कमा ८० प्रतिशत र सबैभन्दा कम सामूहिकमा

विधिमा २० प्रतिशत देखियो । त्यसैगरी मध्यम स्तरमा सबैभन्दा बढी सामूहिक विधि र उद्देश्यमूलक सिकाइ मूल्याङ्कनमा ४०/४० प्रतिशत र सबैभन्दा कम छलफल एवम् तर्कमा १० प्रतिशत देखियो र निम्न स्तरमा पनि सामूहिक विधिमा सबैभन्दा बढी ४० प्रतिशत र सबैभन्दा कम छलफल एवम् तर्कमा १० प्रतिशत देखियो । खासमा मूल्याङ्कनका छओटा आधारहरूमध्य प्राय सबैभन्दा बढी ३० देखि ८० प्रतिशतसम्म उत्तम स्तरमा देखिएका छ । यसको तुलनात्मक विश्लेषण गर्दा तालिम अप्राप्तको तुलनामा तालिम प्राप्त नेपाली विषय शिक्षकको शिक्षणमा तालिमको प्रभावकारिता रहेको छ ।

समग्रमा हेर्दा शिक्षण सिकाइ क्रियाकलाप शिक्षकको तालिमको गुणस्तरसँग सम्बन्धित रहेको देखिन्छ । यसको प्रभाव शिक्षकको कार्यसम्पादनमा सुधारोन्मुख अवस्थामा रहेको देखिन्छ । खासगरी अन्तर्वार्ताकै क्रममा शिक्षकले भनेअनुसार कार्यशालासम्बन्धी तालिमले शिक्षकको व्यवहारलाई चाखलाग्दो ढङ्गले परिवर्तन गर्न योगदान दिएको पाइन्छ ।

**शिक्षक तालिमले विद्यार्थीको सिकाइ उपलब्धिमा मूल्याङ्कन**

प्रस्तुत लेखमा अध्ययन क्षेत्रका दशओटा विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धि मापनका लागि कक्षा १० को एसइइ परीक्षा २०७८ को नतिजा विश्लेषण गरिएको छ । विद्यार्थीका नतिजा हेर्न एसइइ परीक्षा गुगलमा गई विद्यालयको कोड नं., कुनै एक जना विद्यार्थीको सिम्बोल नं. र निजको जन्ममितिलाई आधार बनाइया । यसका आधारमा विद्यार्थीको नेपाली विषय र कुल जम्मा विषयको औसत (जिपिए) नतिजालाई विश्लेषण गरिएको छ ।

तालिम प्राप्त शिक्षकबाट मात्र यस्तो मापन एवम् मूल्याङ्कन सम्भव देखिन्छ । यस सन्दर्भमा आफूले चाहेको जस्तो व्यवहारमा परिवर्तन ल्याउन सिकाइने विभिन्न क्रियाकलापहरूलाई तालिमका रुपमा लिइन्छ । (शर्मा र शर्मा, २०६१, पृ. ५३) । अध्ययनका क्रममा दशओटै विद्यालयका सम्पूर्ण विषयको औसत (जिपिए) र नेपाली विषयको औसत (जिपिए) को तुलनात्मक विश्लेषणलाई निम्नबमोजिमको तालिका नं. ३ मा देखाएको छ :

**तालिका १०**

**शिक्षक तालिमले विद्यार्थीको सिकाइ उपलब्धिकमको प्रभाव मूल्याङ्कन**

| क्र.स. | विद्यार्थी नाम | नेपाली विषयको औसत (जिपिए) | जम्मा विषयको औसत (जिपिए) |
|---|---|---|---|
| १ | वीरेन्द्र हिमालय माध्यमिक विद्यालय (९-१२) | २.६४ | २.७३ |
| २ | पशुपति माध्यमिक विद्यालय (९-१२) | २.६२ | २.७२ |
| ३ | त्रिभुवन माध्यमिक विद्यालय (९-१२) | २.५९ | २.५७ |
| ४ | आर्दश माध्यमिक विद्यालय (९-१२) | २.५१ | २.७३ |
| ५ | सूर्योदय माध्यमिक विद्यालय (१-१०) | २.४८ | २.३४ |
| ६ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय (१-१२) | २.४२ | २.५८ |
| ७ | जनप्रिय माध्यमिक विद्यालय (९-१२) | २.४१ | २.२९ |
| ८ | वीरेन्द्र ऐश्वर्य माध्यमिक विद्यालय (९-१२) | २.२१ | १.८७ |
| ९ | राम माध्यमिक विद्यालय (१-१०) | १.६१ | २.१५ |
| १० | सरस्वती मा.वि (९-१०) | १.५० | २.०१ |

तालिका नं. ३ अनुसार दशओटा विद्यालयमध्य नौओटा विद्यालयले आफ्ना विद्यार्थीलाई प्रयोगात्मक अङ्क $A^+$ मात्रै दिएको पाइयो तर जिल्ला सदरमुकाममा रहेको पुरानो विद्यालय त्रिभुवन मा. वि. मा भने प्रयोगात्मक अङ्क A र $A^+$ दिएको पाइयो । यसरी सिकाइ प्रभावकारिताका सन्दर्भमा विद्यार्थी उपलब्धि मापनका लागि कक्षा १० को एसइइ परीक्षा २०७८ को नतिजाबाट के देखिन्छ भने विद्यार्थीको प्राप्ताङ्क (जिपिए) कुल विषयको औसत अङ्क (जिपिए) भन्दा नेपाली विषयको औसत अङ्क (जिपिए) कम रहेको छ । त्यसैले यसबाट नेपाली विषय शिक्षणको प्रभावकारिता र अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नका लागि सम्बन्धित सबै पक्ष सचेत र जागरुक हुनु आवश्यक देखिन्छ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययन शोध्यविषय अनुरूपका प्राप्त तथ्य र निश्चित विधि तथा सिद्धान्तका आधारमा तिनको विश्लेषण प्रक्रियासँग सम्बन्धित छ । यस क्रममा प्रस्तुत लेखमा जाजरकोट जिल्लाका सातओटा स्थानीय तहहरूमध्ये तीन वटा नगरपालिकाबाट दुई दुईओटाका दरले छओटा र चारओटा गाउँ पालिकाबाट एक एकओटाका दरले चारओटा गरी जम्मा दश माध्यमिक तहका विद्यालयलाई नमुनाका रूपमा समावेश गरिएको छ । प्रस्तुत शोधमा जनसङ्ख्या छनोट गर्ने क्रममा दशओटा विद्यालयबाट कम्तीमा एक एक जना पर्ने गरी नेपाली विषयका दश जना शिक्षक, प्रत्येक विद्यालयबाट पाँच पाँच जना छात्र र छात्रा पर्ने गरी जम्मा एक सय विद्यार्थी र प्रत्येक विद्यालयका दश जना प्रधानाध्यापकलाई लिइएको छ ।

त्यसैगरी कक्षा अवलोकनका क्रममा नेपाली विषय शिक्षकमा पाठ्यविषयमा पर्याप्त ज्ञान भए तापनि पाठ प्रस्तुतीकरणसँग सम्बन्धित शैलीगत ज्ञानको अभावका कारण शिक्षण सिकाइ प्रभावकारी हुन नसकेको पाइयो । शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारिता ल्याउन पेसागत विकास, सिकाइ वातावरण, शिक्षक तालिम, शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका हुने भएकाले यस विषयमा अस्थायी स्वीकृति पाएर सञ्चालनमा आएका विद्यालयका तुलनामा स्थायी स्वीकृति प्राप्त विद्यालयको अवस्था राम्रो रहेको पाइयो । नमुना छनोटमा परेका विद्यालयका शिक्षकको शिक्षण क्रियाकलाप पाठको सुरुवात, विषयवस्तुको शिक्षण, शिक्षण सिकाइ विधिको प्रयोग, शैक्षिक सामग्रीको प्रयोग, शिक्षकको सक्रियता, विद्यार्थीको सक्रियता, कक्षाकोठाको वातावरण र पाठको अन्त्यका आधारमा  क्रियाकलाप गरिएको थियो । उक्त  क्रियाकलाप रेटिङ स्केलको आधारहरू मापन गर्दा अतिउपयुक्त, उपयुक्त, मध्यमतर्फ बढी प्रतिशत शिक्षकको शिक्षण क्रियाकलाप भूमिका र अनुपयुक्त र अति अनुपयुक्ततर्फ कम प्रतिशत शिक्षकको भूमिका रहेको देखियो । यसले गर्दा पेसागत विकास, सिकाइ वातावरण, शिक्षक तालिमको आवश्यकता देखिन्छ ।

शिक्षक तालिमले विद्यार्थी सिकाइ उपलब्धिका लागि कक्षाकोठा व्यवस्थापन, प्रश्न प्रविधि, सामूहिक छलफल विधि, तर्क, समालोचनात्मक सोचाइ, उद्देश्यमूलक सिकाइ एवम् मूल्याङ्कनका क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्दछ । यस सन्दर्भमा अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका एक सय विद्यार्थीको सिकाइ उपलब्धिलाई विभिन्न स्तर (अति उत्तम, उत्तम, मध्यम र निम्न) मा निर्धारण गरेर मूल्याङ्कन गरेको पाइयो । यस दृष्टिले शिक्षक तालिमको प्रभावकारिताले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भन्ने देखिन्छ । त्यस्तै प्रस्तुत लेखमा दशओटा विद्यालयका विद्यार्थीको सिकाइ उपलब्धि स्तर मापनका लागि कक्षा १० को एसइइ परीक्षा २०७८ को नतिजा विश्लेषणमा विद्यार्थीको औसत कूल विषयको प्राप्ताङ्क (जिपिए) भन्दा नेपाली विषयको औसत (जिपिए) अङ्क कम रहेकोले नेपाली विषयमा अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न नसकेको देखिन्छ ।

विषयगत रूपमा तालिम प्रभावकारी हुनुपर्ने भन्ने नीतिगत मान्यता भए पनि कार्यान्वयन पक्षमा लागु गर्न गराउन सम्बन्धित पक्ष तत्पर नहुँदा अपेक्षित उपलब्धि प्राप्त हुन सक्दैन । तालिमसम्बन्धी आधारभूत शिक्षण प्रशिक्षणको सुरुआत वि.सं. २०१३ बाट भएको देखिन्छ तर हालसम्म पनि यसको प्रभावकारिता कायम हुन सकेको अवस्था छैन । प्रस्तुत शोध कक्षाकोठाभित्र गरिने दैनिक मूलतः नेपाली विषयको शिक्षणसँग सम्बन्धित शिक्षण क्रियाकलाप तथा विभिन्न प्रयोगात्मक विधिहरूको अवलोकनमा केन्द्रित रहेको छ । त्यसैगरी यो अध्ययन शिक्षा क्षेत्रमा चाहिने विभिन्न विषयका शिक्षक, प्रशिक्षक तथा विशेषज्ञ तयार पार्ने नभई शिक्षण सिकाइको अवलोकन र त्यसको विश्लेषण एवम् निष्कर्षबाट शिक्षण प्रभावकारिताको बारेमा जान्न र आफ्नो कक्षामा त्यसको प्रयोग गरी अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्ने विषयमा केन्द्रित छ । यस सन्दर्भमा शिक्षकको शिक्षण प्रभावकारिता पक्षसँग सम्बन्धित अवलोकनलाई प्रमुख रूपमा लिइएको छ । यसरी कक्षामा शिक्षकले गरेका विभिन्न शिक्षण क्रियाकलापलाई आधार मानेर गरेको यस अवलोकनबाट शिक्षण प्रभावकारिता भए नभएको विषयमा वस्तुगत मूल्याङ्कन गरी तालिमले शिक्षकको शिक्षण क्रियाकलापमा विद्यार्थीको सिकाइ उपलब्धि स्तरलाई गुणस्तरीय बनाउन शोधलेख निष्कर्ष रहेको देखिन्छ ।

**सन्दर्भ सामग्री**

(क्राओफोर्ड र अन्य सन् २०१०) विश्लेषणात्मक चिन्तन, शिक्षण र सिकाइ रणनीति,अनु.गुरूप्रशाद मैनाली र मोहन मैनाली, सामाजिक संवादका लागि सहकार्य प्रा.लि. ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५९), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार. विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६६), शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार, विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०७३), शैक्षिक अनुसन्धान पद्धति. सनलाइट पब्लिकेसन ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, (२०२८). राष्ट्रिय शिक्षा पद्धतिको योजना. शिक्षा विभाग ।

शर्मा, चिरजिञ्वी र निर्मला शर्मा (२०५३), शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार, एम के पब्लिकेशन एण्ड डिस्ट्रव्युटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६१). शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार.एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

सिंह नागेश्वर (२०६४), शिक्षण विधि, पैरवी प्रकाशन ।

Karmachara, D. M. (1975). *The present status of primary teachers and their school education quartery.* Dean's office faculty of education.

Richards, J. C. and Rodgers, T. S. (2007). *Approaches and Methods in Language Teaching* (Reprinting). Cambridge University Press.